# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा–७, काभ्रेपलाञ्चोक

## सामाजिक परीक्षण (Social Audit) प्रतिवेदन

सामाजिक परीक्षण भएको मिति :

परीक्षणमा सहभागी संख्या :

**१. संस्थागत सुशासन** (Institutional Governance)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| सञ्चालक समितिको काम | सक्रियता दर | ९० प्रतिशत भन्दा बढी | ७० देखि ९० प्रतिशत | ७० भन्दा कम | |
| | बैठकको नियमितता | प्रत्येक महिना १० गते अगावै | प्रत्येक महिना १० देखि १५ सम्म | प्रत्येक महिना १५ भन्दा पछि | |
| | निर्णय कार्यन्वयनको अवस्था | सत्प्रतिशत कार्यन्वयन | ८० प्रतिशत कार्यन्वय | ८० भन्दा कम प्रतिशत कार्यन्वयन | |
| | सुझाव ग्रहण | लेखा सुपरिवेक्षण समिति, लेखा परीक्षक र आफ्ना छातासंघ र नियामकको सबै सुझाव ग्रहण गरी कार्यन्वयन गरेको | लेखा सुपरिवेक्षण समिति, लेखा परीक्षक र आफ्ना छातासंघ र नियामकको ८० प्रतिशत सुझाव ग्रहण गरी कार्यन्वयन गरेको | लेखा सुपरिवेक्षण समिति, लेखा परीक्षक र आफ्ना छातासंघ र नियामकको ८० प्रतिशत भन्दा कम सुझाव ग्रहण गरी कार्यन्वयन गरेको | |
| | कानुनी पालना | सबै कानुनको पूर्ण पालना गरेको | कानुनका ८० प्रतिशत प्रावधानहरु पालना गरेको | कानुनका ८० प्रतिशत भन्दा कम प्रावधानहरु पालना गरेको | |
| | सुधारको अवस्था | अनुभूति गर्ने गरी संस्थाको सुधार भएको | अघिल्लो वर्ष भन्दा केही सुधार भएको | अघिल्लो वर्षको यथावत रहेको वा सुधार नभएको | |
| लेखा सुपरिवेक्षण समितिको काम | सक्रियता दर | सत प्रतिशत | ७० देखि ९० प्रतिशत | ७० भन्दा कम | |
| | आन्तरिक परीक्षणको अवस्था | कम्तीमा ४ पटक गरेको | कम्तीमा ३ पटक गरेको | तीनपटक भन्दा कम वा निष्क्रिय | |
| | सुझाव कार्यन्वयन परीक्षण | आफुले दिएको सुझाव कार्यन्वयन भए नभएको परीक्षण गरी सञ्चालक समितिलाई पुन सोध्ने गरेको | आफुले प्रदान गरेको ८० प्रतिशत भन्दा बढी सुझावहरु कार्यन्वयन भएको पाएमा | सुझाव प्रदान गरेको तर कार्यन्वयनको ख्याल नगरेको | |
| उपसमितिहरु | जिम्मेवारी स्वीकार गरेको अवस्था | नेतृत्व विकासको अवसरको रुपमा जिम्मेवारी लिएको | केही सिक्न र जिम्मेवारी लिन सिक्ने उद्देश्य लिएको | खासै उत्साह नबोकी उपसमितिमा आवद्ध भएको | |
| | समितिलाई सहयोग पुऱ्याएको अवस्था | जिम्मेवारी अनुसार रचनात्मक सहयोग गरेको | संस्थाको कार्यक्रमहरुमा आवश्यक सहयोग गरेको | सहयोग खासै नगरेको | |

## २. सदस्य सहभागिता (Member Participation)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| साधारण सभा | उपस्थित दर | ७० प्रशित भन्दा बढी | ५१ देखि ६९ प्रतिशत | ५१ भन्दा कम | |
| | सहभागिताको अवस्था | उपस्थित मध्ये कम्तीमा ५० प्रतिशत पूरा समय सहभागि | उपस्थित मध्ये कम्तीमा ३० प्रतिशत पूरा समय सहभागि | उपस्थित मध्ये कम्तीमा ३० प्रतिशत कम पूरा समय सहभागि | |
| तालिम, शिक्षा कार्यक्रम | लक्षित समूह निर्माण गरी सहकारी शिक्षा | सदस्यको आवश्यकताको आधारमा लक्षित समूहमा विभाजन गरी सहकारी शिक्षा दिने गरेको | लक्षित समूह विभाजन नगरिएको तर सहकारी शिक्षा दिने गरेको | लक्षित समूह निर्माण नगरिएको र सहकारी शिक्षामा चासो नदिएको | |
| | सदस्य सीप विकास तालिम | विगत ५ वर्ष देखि न्यून आय समूहका, रोजगार वा स्वरोजगार नभएका युवा सदस्य लक्षित वार्षिक सीप विकास कार्यक्रम सञ्चालन भएको | विगत ३ वर्ष देखि न्यून आय समूहका, रोजगार वा स्वरोजगार नभएका युवा सदस्य लक्षित वार्षिक सीप विकास कार्यक्रम सञ्चालन भएको | न्यून आय समूहका, रोजगार वा स्वरोजगार नभएका युवा सदस्य लक्षित वार्षिक सीप विकास कार्यक्रम सञ्चालन नभएको | |
| विस्तारित मञ्च | कार्यविधी निर्माण र संशोधन | विगत ५ वर्ष संस्थाको लागि आवश्यक कार्यविधी निर्माण र संशोधन पूर्व विस्तारित मञ्च मार्फत सदस्यहरुको आवाज समेट्ने गरिएको । | विगत ३ वर्ष संस्थाको लागि आवश्यक कार्यविधी निर्माण र संशोधन पूर्व विस्तारित मञ्च मार्फत सदस्यहरुको आवाज समेट्ने गरिएको । | संस्थाको लागि आवश्यक कार्यविधी निर्माण र संशोधन पूर्व विस्तारित मञ्च मार्फत सदस्यहरुको आवाज समेट्ने नगरिएको । | |
| | दिर्घकालिन वा कार्ययोजना निर्माण | विगत ५ वर्ष देखि रणनीतिक व्यवसायिक योजना निर्माण र वार्षिक योजना निर्माण पूर्व सदस्यबाट विस्तारित मञ्च वा अभौतिक सुझाव लिने गरिएको । | विगत ३ वर्ष देखि रणनीतिक व्यवसायिक योजना निर्माण र वार्षिक योजना निर्माण पूर्व सदस्यबाट विस्तारित मञ्च वा अभौतिक सुझाव लिने गरिएको । | रणनीतिक व्यवसायिक योजना निर्माण र वार्षिक योजना निर्माण पूर्व सदस्यबाट विस्तारित मञ्च वा अभौतिक सुझाव लिने नगरिएको । | |
| सुझाव र गुनासो | सुझाव तथा गुनासो प्रणाली विकास | कार्यविधी निर्माण गरी सुझाव पुस्तिका, सुझाव पेटिकाको विकास गरी अभ्यास गरेको | कार्यविधी निर्माण नगरेको तर सुझाव पुस्तिका, सुझाव पेटिकाको विकास गरी अभ्यास गरेको | कार्यविधी निर्माण नगरेको सुझाव पुस्तिका, सुझाव पेटिकाको विकास गरी अभ्यास नगरेको | |
| | सुझाव तथा गुनासोको सुनुवाई | सदस्यबाट प्राप्त सबै गुनासो तथा सुझाव कार्यविधी अनुसार समयमा नै सुनुवाई गरी लिखित जानकारी दिने गरेको । | सदस्यबाट प्राप्त सबै गुनासो तथा सुझाव सुनुवाई गरी सुधार गर्ने गरेको । | सदस्यको गुनासो सुनुवाई गर्ने अभ्यास नभएको । | |

## ३. सेवा पहुँच र सदस्य सन्तुष्टी (Service Accessibility & Satisfaction)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| सेवा उपयोग | ऋण उपयोग गर्ने सदस्य संख्या | कूल सदस्यमा कम्तीमा ३३ प्रतिशत भन्दा बढी सदस्यले ऋण उपयोग गरेको | कूल सदस्यमा २० देखि ३२ प्रतिशत सदस्यले ऋण उपयोग गरेको | कूल सदस्यमा २० प्रतिशत भन्दा कम सदस्यले ऋण उपयोग गरेको | |
| | भाखा नाघेको ऋण | कूल लगानीमा रहेको ऋणमा समान्य वित्तीय बजारको अवस्थामा ५ प्रतिशत भन्दा कम र असामान्य अवस्थामा १५ प्रतिशत भन्दा कम भाखा नाघेको | कूल लगानीमा रहेको ऋणमा समान्य वित्तीय बजारको अवस्थामा ८ प्रतिशत भन्दा कम र असामान्य अवस्थामा २० प्रतिशत भन्दा कम भाखा नाघेको | कूल लगानीमा रहेको ऋणमा समान्य वित्तीय बजारको अवस्थामा ८ प्रतिशत भन्दा बढी र असामान्य अवस्थामा २० प्रतिशत भन्दा बढी भाखा नाघेको | |
| उत्पादनमा सहभागिता | नियमित बचत खाता अनिवार्य | सत्प्रतिशत सदस्यको नियमित बचत खाता भई ८० प्रतिशत भन्दा बढी सदस्यले नियमित बचत गर्ने गरेको | सत्प्रतिशत सदस्यको नियमित बचत खाता भई ६० देखि ७९ प्रतिशत सदस्यले नियमित बचत गर्ने गरेको | सबै सदस्यको नियमित बचत खाता नभएको वा सत्प्रतिशतको खाता भई ६० प्रतिशत भन्दा कम सदस्यले नियमित बचत गर्ने गरेको | |
| | कम्तीमा २ वटा सक्रिय खाता | कम्तीमा कूल सदस्यको ८० प्रतिशत सदस्यको नियमित बचत बाहेक कारोबार गर्नका लागि एक खाता सञ्चालन भएको र नियमित कारोबार भएको | कम्तीमा कूल सदस्यको ५० देखि ७९ प्रतिशत सदस्यको नियमित बचत बाहेक कारोबार गर्नका लागि एक खाता सञ्चालन भएको र नियमित कारोबार भएको | कूल सदस्यको ५० प्रतिशत सदस्यको नियमित बचत बाहेक कारोबार गर्नका लागि एक खाता सञ्चालन नभएको । | |
| सन्तुष्टी परीक्षण | सदस्य छाड्ने दर | विगत ३ वर्ष देखि मृत्यु भएका, बसाइ सराई गरेका वा प्रचलित कानुन बमोमिजम अयोग्य व्यक्ति बाहेकले सदस्यता नछोडेका । | विगत १ वर्ष देखि मृत्यु भएका, बसाइ सराई गरेका वा प्रचलित कानुन बमोमिजम अयोग्य व्यक्ति बाहेकले सदस्यता नछोडेका । | मृत्यु भएका, बसाइ सराई गरेका वा प्रचलित कानुन बमोमिजम अयोग्य व्यक्ति बाहेकले सेवा चित्त नबुझेर पनि संस्था छोडेका । | |
| | पहिलो रोजाईको संस्था | विगत ३ वर्ष देखि वार्षिक सदस्य सन्तुष्टी परीक्षणमा कम्तीमा ७० प्रतिशत सदस्यले पहिलो रोजाइमा राखेको । | विगत वर्ष भएको वार्षिक सदस्य सन्तुष्टी परीक्षणमा कम्तीमा ७० प्रतिशत सदस्यले पहिलो रोजाइमा राखेको । | सदस्य सन्तुष्टी सर्भेक्षण गर्ने नगरेको वा गरेकोमा ७० प्रतिशत भन्दा कम सदस्यले पहिलो रोजाईमा राखेको । | |

**४. पारदर्शी र सूचना प्रवाह** (Transparency & Information Sharing)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| वित्तीय प्रतिवेदनको स्तर | लेखा परीक्षण प्रतिवेदन | विगत ३ वर्ष देखि प्रचलित कानुन बमोजिम NFRS वा NFRS SMEs वा MFRS ME लगाउनु पर्ने मा सो अनुसार लेखा परीक्षण गरेको, | विगत १ वर्ष देखि प्रचलित कानुन बमोजिम NFRS वा NFRS SMEs वा MFRS ME लगाउनु पर्ने मा सो अनुसार लेखा परीक्षण गरेको, | विगत वर्ष पनि GAP मा नै लेखा परीक्षण सम्पन्न गरेको | |
| | लेखा परीक्षण प्रतिवेदनको स्तर | विगत ३ वर्ष देखि नियमित ठीक राय (Unqualified Opinion) को प्रतिवेदन प्राप्त गरेको | विगत २ वर्ष देखि नियमित कैफियत सहितको राय (qualified Opinion) को प्रतिवेदन प्राप्त गरेको | विगत वर्ष विपरित राय (Adverse Opinion) वा मौन राय (Disclaimer Opinion) को प्रतिवेदन प्राप्त गरेको | |
| नियामक निकाय मा संलग्नता र अध्यावधिक | नियामक निकायमा संलग्नता | NCRA मा अभिलेखीकरण भएको, CIC को सदस्यता लिई सेवा लिएको | NCRA मा अभिलेखीकरण भएको, CIC को सदस्यता लिएको तर सेवा नलिएको | NCRA मा अभिलेखीकरण प्रकृयामा रहेको, CIC को सदस्यता नलिएको | |
| | नविकरण गर्नु पर्नेमा समयमा नविकरण | तोकिएको समयमा प्रचलित कानुन बमोजिम व्यवसाय नविकरण, NCRA नविकरण गर्ने गरेको | तोकिएको समय भन्दा ३ महिना ढिला गरी प्रचलित कानुन बमोजिम व्यवसाय नविकरण, NCRA नविकरण गर्ने गरेको | विगत वर्ष देखि व्यवसाय नविकरण तथा NCRA नविकरण नगरेको | |
| नियामकमा प्रतिवेदनको संस्कार | प्रतिवेदनको नियमितता | विगत ३ वर्ष देखि कानुन बमोजिम सम्पूर्ण नियामक निकायहरुमा तोकिएको समयमा प्रतिवेदन बुझाई सो को कार्यालय प्रति कार्यालयमा राख्ने गरिएको । | विगत १ वर्ष देखि कानुन बमोजिम सम्पूर्ण नियामक निकायहरुमा तोकिएको समयमा प्रतिवेदन बुझाई सो को कार्यालय प्रति कार्यालयमा राख्ने गरिएको । | बाध्यत्मक रुपमा मात्र प्रतिवेदन पठाउने गरिएको, | |
| | COPOMIS System र Go AML System मा आवद्धता | विगत ५ वर्ष देखि प्रचलित कानुन बमोजिम वित्तीय जानकारी एकाई र सहकारी सूचना केन्द्रमा संस्थाको विवरण नियमित पठाउने गरेको | विगत ३ वर्ष देखि प्रचलित कानुन बमोजिम वित्तीय जानकारी एकाई र सहकारी सूचना केन्द्रमा संस्थाको विवरण नियमित पठाउने गरेको | विगत ३ वर्ष देखि प्रचलित कानुन बमोजिम वित्तीय जानकारी एकाई र सहकारी सूचना केन्द्रमा संस्थाको विवरण नियमित पठाउने नगरेको | |

**५. आर्थिक अनुशासन र उत्तरदायित्व** (Financial Discipline & Accountability)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| बचत र ऋणको व्यवस्थापन | बचत अनुपात | कूल बचतमा मासिक नियमित बचतको अंश २५ प्रतिशत भन्दा बढी तथा आवधिक बचतको अंश १० प्रतिशत भन्दा कम | कूल बचतमा मासिक नियमित बचतको अंश २५ प्रतिशत भन्दा बढी तथा आवधिक बचतको अंश १५ प्रतिशत भन्दा कम | कूल बचतमा मासिक नियमित बचतको अंश २५ प्रतिशत भन्दा कम तथा आवधिक बचतको अंश १५ प्रतिशत भन्दा बढी | |
| | बचत ऋण अनुपात | कूल सम्पत्तिमा कायम रहेको कूल बचत भन्दा कम्तीमा १ प्रतिशत बढी शुद्ध ऋण लगानी कायम भएको भए | कूल सम्पत्तिमा कायम रहेको कूल बचत बराबर शुद्ध ऋण लगानी कायम भएको भए | कूल सम्पत्तिमा कूल कायम रहेको बचत भन्दा कम शुद्ध ऋण कायम भएको भए | |
| जोखिम व्यवस्थापनमा सर्तकता | ऋण नोक्शानी व्यवस्था | विगत २ वर्ष देखि भाखा नाघेको ऋणको शुद्ध रुपमा वर्गिकरण गरी आवश्यक नोक्शानी व्यवस्था पूरा गरेको भए । | विगत १ वर्ष देखि भाखा नाघेको ऋणको शुद्ध रुपमा वर्गिकरण गरी आवश्यक नोक्शानी व्यवस्था पूरा गरेको भए । | भाखा नाघेको ऋणको शुद्ध रुपमा वर्गिकरण नगरेको तथा आवश्यक नोक्शानी व्यवस्था पूरा नगरेको भए । | |
| | अन्य जोखिम व्यवस्था | ग्रैह्र बैकिङ्ग सम्पत्ति नभएको वा भएको भए आवश्यक व्यवस्था पूरा गरेको भए । | ग्रैह्र बैकिङ्ग सम्पत्ति भएको र त्यसका लागि आवश्यक रकमको ८० प्रतिशत व्यवस्था पूरा गरेको भए । | ग्रैह्र बैकिङ्ग सम्पत्ति भएको र त्यसका लागि आवश्यक रकम नभएको । | |
| आन्तरिक लेखा प्रणालीको विकास | उच्चस्तरीय प्रविधिको प्रयोग | ISO प्रमाणित CBS System मार्फत कारोबार सञ्चालन गरेको, प्रविधीमा आधारित सबै वित्तीय सेवा उपलब्ध गराएको । डाटा सुरक्षित गरेको । | ISO प्रमाणित नभएको CBS System मार्फत कारोबार सञ्चालन गरेको र सामान्य प्रविधीमा आधारित वित्तीय सेवा मात्र उपलब्ध गराएको । | सामान्य CBS System मार्फत कारोबार गरेको वा CBS System मार्फत कारोबार नगरेको | |
| | लेखा तथा अभिलेख व्यवस्थापन | अभिलेख वर्गिकरण गरी सुरक्षा जिम्मेवारी तोकिएको, खोजेको तीन मिनेटमा भेटिने गरी राखेको तथा अभिलेखहरु प्रमाणित गरी व्यवस्थित गर्ने गरेको | अभिलेख वर्गिकरण गरी सुरक्षा जिम्मेवारी नतोकिएको तर खोजेको तीन मिनेटमा भेटिने गरी राखेको तथा अभिलेखहरु प्रमाणित गरी व्यवस्थित गर्ने गरेको | अभिलेखहरुको उचित प्रबन्ध नगरिएको, प्रमाणित गरी राख्ने अभ्यास नभएको । | |

## ६. मानव श्रोत र पेशागत व्यवस्थापन (Human Resource & Professional Management)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| कर्मचारीको योग्यता र नियुक्ति प्रकृया | नियुक्ति दिएर मात्र काम | व्यवस्थापकलाई अध्यक्षले र बाँकी सबै कर्मचारीहरुलाई सेवाशर्त सहित व्यवस्थापन प्रमुखले नियुक्ति पत्र दिई काममा लगाईएको, नियुक्ति थप, सरुवा, बढुवा सबै यथासमयमा अध्यावधिक गरी राखेको । | व्यवस्थापकलाई अध्यक्षले र बाँकी सबै कर्मचारीहरुलाई व्यवस्थापन प्रमुखले नियुक्ति पत्र दिई काममा लगाईएको, नियुक्ति थप, सरुवा, बढुवा सबै यथासमयमा अध्यावधिक राख्ने अभ्यास नभएको । | नियुक्ति पत्र दिने अभ्यास नभएको वा सबै कर्मचारीलाई सञ्चालक समितिले नियुक्ति प्रदान गरेको | |
| | योग्यता पुगेका व्यक्तिलाई मात्र नियुक्ति | संस्थाको मानव संशाधन कार्यविधीमा उल्लेख भए बमोजिम र कानुनले खुलाएकोमा कानुन बमोजिम योग्यता पुगेको व्यक्तिलाई खुल्ला प्रतिष्पर्धा मार्फत नियुक्त गर्ने अभ्यास गरेको | संस्थाको मानव संशाधन कार्यविधीमा उल्लेख भए बमोजिम र कानुनले खुलाएकोमा कानुन बमोजिम योग्यता पुगेको व्यक्तिलाई खुल्ला प्रतिष्पर्धा मार्फत नियुक्त गर्ने अभ्यास गरेको तर कहिले काँही तोकिएको भन्दा कम योग्यतालाई पनि लिइएको | कर्मचारी नियुक्ति गर्दा योग्यता स्पष्ट नतोकि संस्थाको कार्यक्षेत्रमा प्राप्त जनशक्ति मध्येबाट सामान्य प्रकृयाबाट नियुक्ति गर्ने गरिएको । | |
| कर्मचारीलाई स्पष्ट जिम्मेवारी | लक्ष्य सहितको कार्यविवरण | नयाँ आ.व शुरु भएको ७ दिन भित्र लक्ष्य सहितको कार्यविवरण सबै कर्मचारीहरुलाई प्रदान गर्ने गरेको । | नयाँ आ.व शुरु भएको एक महिना भित्रमा लक्ष्य सहितको कार्यविवरण सबै कर्मचारीलाई प्रदान गर्ने गरेको । | कर्मचारीहरुलाई लक्ष्य सहितको कार्यविवरण दिने अभ्यास नभएको वा एक महिना भन्दा ढिला गरी प्रदान गर्ने गरिएको । | |
| | लक्ष्य प्राप्तीको मापन संयन्त्र | कम्तीमा त्रैमासिक रुपमा लक्ष्य प्राप्तीको अवस्था विश्लेषण गर्ने गरिएको । | कम्तीमा अर्धवार्षिक रुपमा लक्ष्य प्राप्तीको विश्लेषण गर्ने गरिएको । | वार्षिक रुपमा लक्ष्य प्राप्तीको अवस्था विश्लेषण गर्ने गरेको वा विश्लेषण नगरेको | |
| संस्थाको आफ्नै संस्कारको विकास | व्यवसायिक चरित्र प्रर्दशन | छरितो पोषाकको प्रयोग, मुस्कान सहितको छिटो छरितो र विश्वासिलो सेवा दिने संस्कारको विकास भएको, | छरितो पोषाकको प्रयोग, मुस्कान सहितको ढिलो तर विश्वासिलो सेवा दिने संस्कारको विकास भएको, | हेर्दा पनि व्यवसायिक नदेखिने पोषाकको प्रयोग, सदस्यलाई गालीगलौज गर्ने व्यवहार प्रर्दशन भएको । | |
| | आर्दश समयको प्रयोग | तोकिएको समय भन्दा अगावै पुग्ने र तोकिएको समयमा भन्दा केही ढिलासम्म सेवाका तयार रहने संस्कृतिको विकास भएको | तोकिएको समयमा पुग्ने र तोकिएको समयसम्म सेवाका तयार रहने संस्कृतिको विकास भएको | तोकिएको समय भन्दा ढिला पुग्ने र तोकिएको समय अगावै हिड्ने संस्कृतिको विकास भएको | |

### ७. शिक्षा, तालिम र सूचना (Education, Training & Information)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| सदस्य शिक्षा कार्यक्रम र प्रभावकारिता | सदस्य सहभागिता दर | प्रति वर्ष कूल आवद्ध सदस्यको २५ प्रतिशतलाई आधारभूत शिक्षा प्रदान गरेको | प्रति वर्ष कूल आवद्ध सदस्यको १५ देखि २४ प्रतिशतलाई आधारभूत शिक्षा प्रदान गरेको | प्रति वर्ष १५ प्रतिशत भन्दा कमलाई शिक्षा दिएको वा शिक्षा नदिएको | |
| | व्यवहारिक परिवर्तनको अवस्था | शिक्षा कार्यक्रम पछि सदस्य सक्रियतादरमा वृद्धि भएकोले साधारण सभामा अघिल्लो वर्ष भन्दा ५ प्रतिशत बढी सदस्य उपस्थिति रहेको | शिक्षा कार्यक्रम पछि सदस्य सक्रियतादर मा वृद्धि भएकोले साधारण सभामा अघिल्लो वर्ष भन्दा ३ प्रतिशत बढी सदस्य उपस्थिति रहेको | अघिल्लो आ.वको उपस्थितिदर बराबर वा सो भन्दा कम उपस्थिति रहेको । | |
| सञ्चालक क्षमता विकास | सिकाईको लागि तयार रहने बानी | सञ्चालक समिति लक्षित तालिममा सत्प्रतिशत उपस्थिति रहने गरेको, | सञ्चालक समिति लक्षित तालिममा ८० देखि ९० प्रतिशत उपस्थिति रहने गरेको, | सञ्चालक समिति लक्षित तालिममा ८० प्रतिशत भन्दा कम उपस्थिति रहने गरेको | |
| | तालिमको व्यवहारिक कार्यन्वयन | तालिम पश्चात बैठममा उपस्थितिदर, निर्णय प्रकृया र कार्यविधी निर्माणमा सुधार आएको छ । | तालिम पश्चात बैठकमा उपस्थिति दर र निर्णय प्रकृयामा सुधार आएको छ । | तालिम पश्चात पनि संस्थाको परम्परागत अभ्यासमा सुधार आएको छैन । | |
| कर्मचारी क्षमता र सीप विकास | तालिमको प्रभाव र कार्यसम्पादनमा आएको सुधार | तालिम पछि कर्मचारीको कार्य सम्पादन क्षमतामा सुधार आई व्यवसायिकता विकास भएको | तालिम पश्चात कर्मचारीको कार्यसम्पादनमा केही सुधार भएको, | तालिम पश्चात पनि कर्मचारीको कार्यसम्पादनस्तर सुधार नभएको | |
| | नयाँ सीपको व्यवहारिक प्रयोग | तालिम पश्चात कर्मचारीले नयाँ तरिकाले काम आरम्भ गरेको | तालिम पश्चात पहिलेको कृयाकलापलाई केही सुधार गरेको | तालिम पश्चात कर्मचारीमा कुनै सीपमा सुधार नआएको, | |
| नियमित सूचना प्रवाह | प्रविधीमा आधारित सूचना | संस्थाले आफ्नै वेवसाइट, फेसबुक पेज, भाइबर कम्यूनिटी, ह्वाट्सएप ग्रुपबाट यथेस्ट सूचना प्रकाशन प्रसारण गर्ने गरेको भए | फेसबुक पेज, भाइबर कम्यूनिटी, ह्वाट्सएप ग्रुपबाट यथेस्ट सूचना प्रकाशन प्रसारण गर्ने गरेको भए | संस्थाको नाममा फेसबुक पेज र म्यासेन्जर ग्रुप भए पनि अध्यावधिक हुने गरेको छैन । | |
| | भौतिक सूचना | सदस्यलाई अनिवार्य उपलब्ध गराउनु पर्ने सूचनाहरु :- मासिक वित्तीय विवरण, ब्याजदर परिर्वतनका सूचना पाटीमा अवधी नसकीयसम्म टाँस गर्ने गरिएको र म्याद पछि हटाउने गरिएको । | सदस्यलाई अनिवार्य उपलब्ध गराउनु पर्ने सूचनाहरु :- मासिक ब्याजदर सम्बन्धी सूचना पाटीमा अवधी नसकीयसम्म टाँस गर्ने गरिएको र म्याद पछि हटाउने गरिएको । | सदस्यहरुलाई अनिवार्य दिनु पर्ने सूचनाहरु सूचनापाटीमा टाँस गर्ने नगरिएको वा समय समाप्त भईसके पछि पनि सुचनाहरु सूचनापाटीबाट नहटाएको । | |

## ८. सामाजिक उत्तरदायित्व (Social Responsibility)

| परीक्षण क्षेत्र | मापन सूचक | प्राप्त गरेको अवस्था | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | उच्च (५) | मध्यम (३) | न्यून (१) | |
| सामुदायमा गरेको योगदान | वित्तीय शिक्षामा योगदान | विगत ३ वर्ष देखि कम्तीमा १ वटा समुदाय लक्षित वित्तीय शिक्षा प्रदान गरेको | विगत २ वर्ष देखि कम्तीमा १ वटा समुदाय लक्षित वित्तीय शिक्षा प्रदान गरेको | समुदाय लक्षित वित्तीय शिक्षा प्रदान गर्ने नगरेको । | |
| | चेतनामूलक कार्यक्रम | कुरिती, अन्धविश्वास वा वित्तीय सचेतना सम्बन्धी चेतनामूलक श्रव्यदृश्य सामाग्री निर्माण गरी प्रकाशन प्रसारण गरेको, | कुरिती, अन्धविश्वास वा वित्तीय सचेतना सम्बन्धी चेतनामूलक लघु नाटक वा साँस्कृतिक जागरणका कार्यक्रम गरेको | चेतनामूलक कार्यक्रम तथा गतिविधीहरु सञ्चालन नगरेको, | |
| वातावरण रक्षामा गरेको योगदान | वृक्षारोपण | विगत ३ वर्ष देखि सम्भव भएको ठाउँमा वार्षिक वृक्षारोपण गर्ने वा सम्भव नभएको ठाउँमा वृक्षारोपणका लागि विरुवा उपलब्ध गराउने गरिएको | विगत २ वर्ष देखि सम्भव भएको ठाउँमा वार्षिक वृक्षारोपण गर्ने वा सम्भव नभएको ठाउँमा वृक्षारोपणका लागि विरुवा उपलब्ध गराउने गरिएको | सहकारीले वृक्षारोपण गर्ने वा वृक्षारोपणका लागि विरुवा वितरण गर्ने अभ्यास नगरेको | |
| | सरसफाई | विगत ३ वर्ष देखि विशेष उत्सव वा दिवस लक्षित सरसफाई कार्यक्रम सञ्चालन गर्ने गरेको | विगत १ वर्ष देखि विशेष उत्सव वा दिवस लक्षित सरसफाई कार्यक्रम सञ्चालन गर्ने गरेको | वातावरणको रक्षाको लागि कुनै सरसफाई सम्बन्धी गतिविधीहरु गर्ने नगरेको । | |
| सांस्कृतिक संरक्षणमा गरेको योगदान | मठमन्दिर पुनःनिर्माण, मर्मत, सरसफाई | विगत ३ वर्ष देखि विशेष उत्सव वा स्थानिय पर्वको आधारमा मठमन्दिर मर्मत वा सरसफाई गर्ने गरिएको | विगत २ वर्ष देखि विशेष उत्सव वा स्थानिय पर्वको आधारमा मठमन्दिर मर्मत वा सरसफाई गर्ने गरिएको | कुनै पनि उत्सवमा मठमन्दिर मर्मत वा सरसफाई गर्ने नगरिएको | |
| | स्थानीय कला संस्कृतिको रक्षा | संस्थाले विगत ३ वर्ष भित्र स्थानीय कला संस्कृति सर्म्वद्धन प्रर्वद्धनका लागि कुनै कार्यक्रमको आयोजना वा सहयोग गरेको, | संस्थाले विगत ५ वर्ष भित्र स्थानीय कला संस्कृति सर्म्वद्धन प्रर्वद्धनका लागि कुनै कार्यक्रमको आयोजना वा सहयोग गरेको, | संस्था इतिहाँसमा स्थानीय कला संस्कृति सर्म्वद्धन प्रर्वद्धनका लागि कुनै कार्यक्रमको आयोजना वा सहयोग नगरेको, | |